# १९ औं कार्यपालिकाका निर्णयहरु

मितिः २०८३ साल जेष्ठ ०७ गते

| सि.नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा। | मिति २०८३।०१।२२ गते बसेको १८ औ कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन भएको पाईयो। |
| २ | राजश्व परामर्श समितिको प्रतिवेदन स्विकृत गर्ने। | कनकाई नगरपालिकाको राजश्व परामर्श समितिबाट प्राप्त आ व २०८३/०८४ का लागि संशोधित करका दरहरु र आन्तरिक आयको प्रक्षेपण सहितको प्रतिवेदन स्वीकृत गर्ने। |
| ३ | श्रोत अनुमान समिति सम्बन्धमा। | कनकाई नगरपालिकाको श्रोत अनुमान समितिबाट प्राप्त आ व २०८३/०८४ का लागि संघीय् सरकार, प्रदेश सरकार र स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भई आएको आन्तरिक आय सहितको श्रोतको अनुमान अनुसूची १ प्रतिवेदन स्वीकृत गर्ने। |
| ४ | मार्गदर्शन सम्बन्धमा। | कनकाई नगरपालिकाको आ व २०८३/०८४ का लागि वडास्तरीय तथा शाखागत योजना तथा कार्यक्रम तर्जुमाका लागि अनुसुची २ बमोजिमको मार्गदर्शन स्वीकृत गरी वडा कार्यालय तथा विषयगत शाखामा पठाउने। |
| ५ | भूमि प्रशासन तथा नापी शाखा संचालन सम्बन्धमा। | यस कनकाई नगरपालिकामा भूमि तथा नापी शाखा संचालनका लागि पूर्वाधार निर्माणका लागि आवश्यक फर्निचर, कम्प्युटर सामग्री, ईन्टरनेट आदि खर्चका लागि नगरपालिकाको सोहि शिर्षकबाट् खर्च हुने गरी र पूर्वाधार निर्माणको कामका लागि भवन मर्मत तथा भूमी व्यवस्थापन शिर्षकबाट लागत अनुमानको आधारमा भुक्तानी हुने गरी अगाडी बढाउने। |
| ६ | पदाधिकारी नियुक्ती सम्बन्धमा। | कनकाई नगरपालिकामा रहेको संस्थागत विद्यालयमा रहेका विद्यार्थीहरुका लागि छात्रवृत्ति वितरणका लागि अनिवार्य तथा निशुल्क शिक्षा नियमावली २०७७ को दफा ११ मा व्यवस्था भए बमोजिम देहाय बमोजिम समिति गठन गर्ने।<br>क. नगर प्रमुख, राजेन्द्र कुमार पोखरेल- अध्यक्ष<br>ख. वडा सदस्य, निर्मला खड्का - सदस्य<br>ग. वडा सदस्य, गोविन्द बहादुर कार्की – सदस्य<br>घ. अपाङ्गता समिति संयोजक, पुष्पलाल घिमिरे- सदस्य<br>ङ. प्रमुख प्रशासकीय अधिकृत , नारायण न्यौपाने – सदस्य सचिव |
| ७ | लागु पदार्थ सेवन किट खरिद सम्बन्धमा। | ईलाका प्रहरी कार्यालय सुरुङ्गाको माग बमोजिम लागु पदार्थ सेवन तथा लागु पदार्थ सम्बन्धी अपराधिक गतिविधि रोकथाम तथा नियन्त्रणका लागि रु. ५० हजार बराबरको लागु पदार्थ सेवन किट खरिद गरी उपलब्ध गराउने। |
| ८ | महालेखा परिक्षकको | महालेखा परिक्षकको कार्यालयको ६३ औ प्रतिवेदनबाट प्राप्त यस कनकाई |

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| | प्रतिवेदन सम्बन्धमा। | नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम बार्षिक प्रतिवेदन पेश भई उल्लेखित बेरुजुको विषयमा छलफल भई दिईएका सुझावहरुलाई कार्यान्वयन गर्ने। |
| ९ | आन्तरिक आय ठेक्का सम्बन्धमा। | यस कनकाई नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि राजश्व परामर्श समितिबाट प्राप्त प्रतिवेदन बमोजिम आय ठेक्काको न्युनतम अकंलाई आधार मानी ठेक्का प्रकृया अगाडी बढाउने। |
| १० | आय व्ययको प्रतिवेदन सम्बन्धमा। | कनकाई नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बैशाख मसान्तसम्मको अनुसुची ३ बमोजिमको आयव्यय विवरण पेश भई छलफल गरियो। |
| ११ | सेवा विस्तार सम्बन्धमा। | करदाता सेवा कार्यालयहरुबाट प्रवाह हुँदै गरेको सेवाहरु स्थानीय तहहरुबाट प्रवाह गर्ने सम्बन्धी कार्य संचालन कार्यविधि २०८२ बमोजिमका कामकाजहरु संचालन गर्न यस नगरपालिका समेत इच्छुक तथा प्रतिवद्द रहेकाले उक्त सेवा संचालनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने। |
| १२ | घ वर्गको ईजाजत पत्र सम्बन्धमा। | कनकाई नगरपालिकाबाट यस अघि माँ पाथिभरा निर्माण सेवा, क.न.पा.लाई घ वर्गको ईजाजत पत्र दिईएकोमा उक्त निर्माण कम्पनीको नाम परिवर्तन गरी माँ पाथिभरा निर्माण सेवा प्रा.लि. कनकाई नगरपालिका-०३ लाई संशोधन गर्ने। |
| १३ | संस्थागत विद्यालयको दर्ता सम्बन्धमा। | यस कनकाई नगरपालिका भित्र संचालनमा रहेका संस्थागत विद्यालयलाई दर्ता/नविकरण प्रकृयामा आउन बाँकी विद्यालयहरुलाई आर्थिक वर्ष २०८०/०८१ देखि कनकाई नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको ३ आर्थिक वर्षको दर्ता/नविकरण शुल्क लिई करको दायरामा समावेस गर्ने। |
| १४ | सन्काह खोलाको तटबन्धन सम्बन्धमा। | यस कनकाई नगरपालिका वडा नं २ स्थित सन्काह खोलाको तटबन्धनका लागि विपद व्यवस्थापन शिर्षकबाट रकम रु ९ लाख रुपैया उपलब्ध गराउने। |
| १५ | चार्जिङ्ग स्टेशन सम्बन्धमा | यस कनकाई नगरपालिका वडा नं ३ स्थित सुरुङ्गा बजार ट्राफिक प्रहरी विट छेउमा रहेको खानेपानी, सिचांई तथा उर्जा मन्त्रालय कोशी प्रदेशबाट निर्माण गरिएको विद्युतिय सवारी चार्जिङ्ग स्टेशनलाई दिगो रुपमा यस नगरपालिकाबाट संचालन, व्यवस्थापन तथा रेखदेख गर्नका लागि कोशी प्रदेश मन्त्रालयबाट हस्तान्तरण पश्चात स्वामित्व ग्रहण गर्ने गरी संचालन गर्न सहमति दिने। |
| १६ | अध्ययन विदा सम्बन्धमा। | कनकाई नगरपालिका वडा नं ७ आधारभूत स्वास्थ्य सेवा कार्यालयमा कार्यरत सि.अ.हे.व. छैटौं तहमा कार्यरत शिव प्रसाद साहलाई आफ्नो हेल्थ असिस्टेन्ट जेनरल मेडिसिन विषयमा निजि खर्चमा अध्ययन गर्न पूर्व विभागिय स्विकृति दिने। |
| १७ | वृक्षारोपण सम्बन्धमा। | कनकाई नगरपालिकाबाट सट्टा भर्ना भएको बाहदशी गाँउपालिका डाँगीबारीमा रहेको किता नं १०३५ मा रहेको २ विघा १० कठ्ठा १० धुर र कि नं ६५४ मा ७ |

नारायण ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | कठ्ठा गरी कुल २ विघा १७ कठ्ठा १० धुर जग्गामा यहि जुन ५ तारिक (२०८३ जेष्ठ २२ गते ) विश्व वातावरण दिवशको उपलक्ष्यमा कनकाई नगरपालिका जनप्रतिनिधि, कर्मचारी, डिभिजन वन कार्यालय तथा सामुदायिक वन, कलेज तथा विद्यालयका विद्यार्थी पत्रकार लगायत संघ संस्था सहितको सहभागितामा विभिन्न जातका १००० विरुवा रोपी वृहत रुपमा वृक्षारोपण गर्ने । |
| १८ | सुरुङ्गा बहुउदेयिय भवन निर्माण सम्बन्धमा। | यस कनकाई नगरपालिका वडा नं ३ अवस्थित सुरुङ्गा बजार क्षेत्रमा मिति २०८३ साल बैशाख ३० गते निर्माण व्यवसायी विच भएको संझौता बमोजिम बहुउदेयिय भवन निर्माण कार्य गर्नका लागि बहुउदेयिय भवनको निर्माण क्षेत्र भित्र रहेका १४ कोठे भवनमा रहने व्यवसायीलाई भवन खाली गराउन ३५ दिने सार्वजनिक सूचना/पत्रचार गर्ने। |
| १९ | विद्यालयको जग्गा अतिक्रमण सम्बन्धमा। | सूर्योदय नगरपालिका ईलामको चलानी नं २६२० को मिति २०८३ साल जेष्ठ ०४ गतेको पत्रमा माग भए बमोजिम करफोक विद्या मन्दिर माध्यमिक विद्यालयको जग्गा अतिक्रमण मुक्त गराउने कार्यमा आवश्यक सहयोग तथा समन्वय गर्ने। |
| २० | खानेपानी आयोजना सम्बन्धमा। | कनकाई नगरपालिका स्थित जामुनखाडी प्रजापती कनकाई खानेपानी आयोजना र टेक्रा खानेपानी आयोजना संचालनका लागि कनकाई नगरपालिकाबाट २ पटक ठेक्का आव्हान गर्दा समेत निर्माण सामग्रीको मूल्य वृद्धि कारण कुनै पनि प्रस्ताव प्राप्त नभएकोले उक्त परियोजनालाई आगामी आर्थिक वर्षमा समेत परियोजना संचालन हुने गरी श्रोत सुनिश्चित गरिदिनुहुन सम्बन्धीत निकायमा अनुरोध गर्ने। |
| २१ | भूमि प्रशासन शाखा सम्बन्धमा। | यस कनकाई नगरपालिकाको कार्यालयमा संचालन हुने भूमि प्रशासन शाखाको सुपरिवेक्षण अनुगमन र मातहतको कर्मचारीको रेखदेख खटनपटन समेत गर्ने गरी भूमि प्रशासन अधिकृतको रुपमा कार्य गर्न यस नगरपालिकाको योजना शाखा प्रमुखको रुपमा कार्यरत कर्मचारी बद्री कुमार दाहाललाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १८ को १ बमोजिम अधिकार प्रत्यायोजन गर्ने। |
| २२ | कार्यविधि सम्बन्धमा। | यस कनकाई नगरपालिकाको तपशिल बमोजिमको कार्यविधिको मस्यौदा तयार गरी आगामी कार्यपालिकामा पेश गर्ने गरी विद्यायन समितिलाई जिम्मेवारी प्रदान गर्ने।<br>क. उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम संचालन सम्बन्धी विधि २०८३<br>ख. सोझै खरिद सम्बन्धी कार्य संचालन विधि २०८३<br>ग. घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को संशोधन सम्बन्धी मस्यौदा। |

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| २३ | भूमि प्रशासन शाखामा कर्मचारी व्यवस्थापन सम्बन्धमा। | कनकाई नगरपालिकामा भूमि प्रशासन शाखा संचालनका लागि कर्मचारी व्यवस्थापन गर्नका लागि यस अघि गरिएको O&M सर्वेक्षणको संशोधनमा समावेश गर्ने गरी नापी अधिकृत १, प्रशासन सहायक चौथो १ र प्रशासन सहायक पाचौ १ मध्ये प्रशासन सहायकस्तर पाँचौ र चौथोका लागि अन्य पालिकाबाट सरुवा भई आउन चाहनेलाई सरुवा सहमतिका लागि सार्वजनिक सूचना प्रकासन गर्ने र सरुवा सहमति दिई पदपुर्ति गर्ने, साथै नापी अधिकृतका लागि अस्थायी दरबन्दी सृर्जना गरी पद पूर्तिको प्रकृया अगाडि बढाउने। |

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# अनुसूची १

आ व २०८३/८४ को आय तथा व्यय अनुमान

| क स | राजश्वका स्रोत | आय अनुमान | विनियोजनका क्षेत्रउपक्षेत्र/ | व्यय अनुमान |
|---|---|---|---|---|
| १ | समानीकरण संघ | १३१०००००० | विषय क्षेत्रगत कार्यक्रमहरु | २७१६४५९७ |
| २ | राजश्व बाँडफाड संघ | ११७२१२००० | | |
| ३ | प्रदेश समानीकरण | १२१८२००० | | |
| ४ | प्रदेश राजश्व बाँडफाड | १४२४०८९८ | | |
| ५ | आन्तरिक | ६२६५६८०० | कार्यालय संचालन तथा प्रशासनिक | १२५०००००० |
| ६ | स्थानीय राजस्व बाँडफाड | ४०३००००० | दायित्वहरु | १४६७६७१०१ |
| ७ | | | वडा शिलिङ | ६९६६०००० |
| | जम्मा | ३६८५९१६९८ | | ३६८५९१६९८ |

# अनुसूची २

कनकाई नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ मा वडागत मार्गदर्शन

1. प्राप्त वजेट सीमा भित्र रहेर बार्षिक कार्यक्रम तथा योजना प्रस्ताव गर्नु पर्नेछ । योजना कार्यान्वयनयोग्य हुनका साथै विशेष परिस्थिति बाहेक रकमान्तर वा कार्यक्रम/योजना संसोधन गर्न नपर्ने गरी योजना छनौट गर्नु पर्नेछ ।
2. योजना तर्जुमा गर्दा उत्पादन तथा रोजगार सृजना गर्ने प्रकृतिका योजनलाई प्राथमिकता दिने,क्षेत्रगत विषय अन्तरगत आर्थिक विकासक्षेत्र, सामाजिक विकासका क्षेत्र,पूर्वाधार विकासका क्षेत्र,वन वातावरण तथा विपद ब्यवस्थापनका क्षेत्र तथा सुशासन र संस्थागत विकासका क्षेत्रमा आवश्यकता अनुरुप समानुपातिक रुपमा योजना तथा कार्यक्रम तय गर्नु पर्नेछ
3. वडा कार्यालयहरुले क्रमागत योजना,अधुरा योजना,सम्भावित जोखिम न्युनिकरण गर्न सहयोग पुग्ने योजना,स्थानीयबासीको माग तथा अपनत्व कायम हुने कार्यक्रम/योजना र संस्थागत सुधार हुने योजनालाई प्राथमिकता प्रदान गर्नु पर्नेछ ।
4. वितरणमुखी तथा टुक्रे योजनालाई समावेश नगर्ने साथै एकै प्रकारका कार्यलाई एकत्रित गरी टुक्रे कार्यक्रमलाई न्युनिकरण गर्दै लानु पर्दछ । पूर्वाधार निर्माणकायोजनाहरु तर्जुमा गर्दा न्युनतम ५,००,०००।०० भन्दा माथिका योजना तर्जुमा गर्न प्राथमिकता दिंनु पर्नेछ
5. सामान्यतया विपद ब्यवस्थापन/प्रकोप ब्यवस्थापन/आपतकालिन सडक मर्मत/आपतकालिन पैनी मर्मत बाहेकका शिर्षकमा अवण्डामा वजेट तथा कार्यक्रम प्रस्ताव नगर्ने ।
6. अत्यावश्यक बाहेक तोकिएको लागत साझेदारी बिनाका योजना/कार्यक्रम प्रस्ताव नगर्ने ।
7. वडमा संचालित अधुरा योजना पुरा गर्ने तथास्रोत ब्यवस्थापन नभई दायित्व सृजना हुने खालका योजना छनौट नगर्ने ।

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

8. आफ्नो वडालाई प्रविधिमैत्री वडा,पुर्ण सरसफाई वडा,सेवाग्राहीमैत्री वडा,अपाङ्गमैत्री वडा घोषणा गर्न सहजीकरण गर्ने कार्यक्रममा प्राथमिकता प्रदान गर्नु पर्नेछ ।
9. आफ्नो वडा भित्र रहेका संघ संस्था,क्लव,समुह,लाभग्राही समुह टोल विकास संस्थाहरुको आदीको क्षमता विकास हुने परिचालन गर्न सहज हुने तथा वडा तथा नगरपालिकालाई सहजिकरण हुने खालका कार्यक्रम तय गर्नु पर्नेछ ।
10. नगरपालिकाले आ.व. २०८३/८४ को निति तथा कार्यक्रमले निर्देशित गरेका विपषयमा आधारित भई वजेट तथा कार्यक्रम तय गर्नु पर्नेछ ।
11. स्थानीय टोलविकास संस्थाबाट छनौट भई आएका योजनाहरुलाई प्रथम प्रथमिकतामाराखी नगरपालिका पठाउँदा अनिवार्य वडा समितिको निर्णय सहित पठाउने ,
12. वडा कार्यालयले संघ, प्रदेशतथा स्थानीयसँग समपुरक (matching) गर्ने गरी योजना छनौट नगर्ने ।
13. नगरपालिकाको आयोजना बैंकमा समावेश भएका र राष्ट्रिय लक्ष्यसंग मेलखाने, नेपाल सरकारको१६औं आवधिक योजना(२०८१/०८२-२०८६/०८७) ले तय गरेको प्राप्त गर्ने योजनाछनौट र संघ तथा प्रदेशद्वारा स्विकृत भएको बजेट मार्गदर्शनहरुलाई पालना गर्नेगरी बजेट विनियोजन गर्ने ।
14. बजेट शिर्षकहरु रकमान्तर गरी स्विकृतं भएको एक शिर्षकबाट अर्को शिर्षकमा लगि खर्च गर्ननिरुत्साहित गरिएको हुँदा योजना छनौट गर्दा ध्यान दिने ।
15. वडास्तरबाट स्वास्थ्य तथा शिक्षाका सामान्य मर्मत सुधार तथा सञ्चालन खर्च रकममा बजेट विनियोजनगर्ने ।
16. एक वडा एक नगर गौरव योजनाको पूर्वाधार तर्फ १० देखि २० लाख सम्मका आयोजना वडा कार्यालयबाट कार्यान्वयन हुने गरी वडा सिलिङबाट अनिवार्य छनौट गरी पेश गर्नु पर्नेछ ।
17. १० लाख माथिका योजना इ बिडिङ मार्फत कार्यान्वयन गर्ने,सार्वजनिकखरिद ऐनले निषेध गरेका र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको विभिन्न समयमा गरेका परिपत्रले समेत ध्यानाकर्षण गराएको प्राविधिक दृष्टिकोणले जटिल प्रकृतिका पूर्वाधार निर्माणका कार्यहरु उपभोक्ता समितिमार्फत कार्य गर्ने गरी बजेट विनियोजन नगर्ने ।
18. स्वीकृत योजना तथा बजेट सुत्र सफ्टवेयरमा प्रविष्टिलाई बजेट स्वीकृतिको प्रमुख आधार मानिने भएकोले सशोधन, थपघट र टुक्रयाउन नपर्ने गरी बजेट विनियोजन गर्ने ।
19. सरकारी कार्यालय, सरकारी स्कूल, स्वास्थ्य चौकी, प्रहरी चौकी भवन जस्ता सरचना निर्माण र मर्मतका काम ठेक्का माध्यमबाट मात्र कार्यान्वयन गर्ने ।
20. वडा कार्यालयबाट कार्यक्रम तथा योजना कार्यान्वयन हुने चौमासिक कार्यक्रम,खरिद विधि (उपभोक्ता समिति/ठेक्का विधि/कोटेशन/अमानत/सोझै खरिद)तथा स्रोत समेत एकिन गरी पेश गर्ने
21. पत्रपत्रिका इन्धन लगायतमा बाह्य संघ संस्था र व्यक्तिलाई सहायता दिने गरि बजेट विनियोजन नगर्ने
22. वडा कार्यालयको संस्थागत क्षमता विकास, स्वास्थ्य संस्था,सामुदायिक् विद्यालय इसिडि अध्ययन केन्द्रमा लगानी बढाउने ।
23. बजेट तथा कार्यक्रम तर्जुमाका प्राथमिकता क्षेत्रहरुमा मापदण्ड अनुसार खर्च वर्गीकरण गरि सिफारिस गर्ने
24. LGPASS तय गरेका सूचक/लक्ष्यहरु प्राप्त गर्ने गरि योजना/कार्यक्रम छनौट गरि पठाउने ।

आ.व. २०८३/८४ को लागि वडागत बजेट सीमा

| वडा नं. | कुल बजेट सीमा |
|---|---|
| १ | 8065500.479 |
| २ | 8073887.538 |
| ३ | 11327198.77 |
| ४ | 7881423.4 |
| ५ | 7341705.888 |

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | |
|---|---|
| ६ | 6105867.245 |
| ७ | 6675134.727 |
| ८ | 7579291.086 |
| ९ | 6609990.868 |
| | 69660000 |

**कनकाई नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ मा शाखागत मार्गदर्शन**

1) बजेट तथा कार्यक्रमको प्रस्ताव गर्दा विषयक्षेत्रगत आवश्यकता त्यसको प्रभाव,सेवाग्राहीबाट प्राप्त भएको सुझाव,स्थानीय प्रादेशिक तथा संघीय निकायबाट लिएको लक्ष्य र सोलाई पुष्टाइ गर्ने गरि प्रस्ताव गर्ने ।
2) आर्थिक वर्ष २०८२/८३ को कार्यान्वियनको अवस्था र माग गरिएको बजेट कार्यान्वियनबाट देखिने प्रभाव/प्रतिफल (अपेक्षित उपलब्धी) समेतलाई मध्यनजर गरि कार्यक्रम प्रस्ताव गर्ने
3) चालु प्रकृतिका योजना तथा कार्यक्रम सिफारिस नगर्ने ।

**क्षेत्रगत विषयहरु**

| विषयगत क्षेत्रहरु | विषयगत कार्यक्रमहरु |
|---|---|
| आर्थिक विकास क्षेत्र | कृषि विकास कार्यक्रम,पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम,उद्यम् प्रवर्धन कार्यक्रम,सहकारी व्यवस्थापन कार्यक्रम,राजश्व सवलिकरण कार्यक्रम,पर्यटन विकास कार्यक्रम,रोजगार प्रवर्धन कार्यक्रम,श्रम सुधार कार्यक्रम लगायत स्थानीय आवश्यकता बमोजिम । |
| सामाजिक विकास क्षेत्र | शैक्षिक सुधार कार्यक्रम,स्वास्थ्य सुधार कार्यक्रम,खेलकुद विकास कार्यक्रम,स्वास्थ्य शिविर संचालन,महिला बालबालिका तथा जेष्ठ नागरिक सुरक्षा सहयोग कार्यक्रम,अपाङ्गता सहयोग कार्यक्रम,न्यायिक सुधार कार्यक्रम,मेलमिलाप प्रवर्धन कार्यक्रम,पंजिकरण सहजिकरण कार्यक्रम,संघसंस्था सहयोग कार्यक्रम,टोल विकास संस्था सवलिकरण कार्यक्रम,बालमैत्री,अपाङ्गता मैत्री,बालश्रम मुक्त,पुर्ण खोप,पुर्ण सरसफाई,सेवाग्राहीमैत्री वडा,अपाङ्गतामैत्री वडा घोषणा तयारी कार्यक्रम, लक्षित वर्गको अवस्था सुधारका कार्यक्रम |
| पूर्वाधार विकास क्षेत्र | सडक निर्माण तथा मर्मत सम्भार,खानेपानी व्यवस्थापन,सिचाई व्यवस्थापन,पुल पुलेसो,भवन निर्माण,शैक्षिक संरचना निर्माण तथा मर्मत सम्भार,जग्गा नाप नक्सा व्यवस्थापनसंघीय समपुरक योजना प्रदेश समपुरक योजना सडक बोर्ड साझेदारी तरा मधेस समृध्दि साझेदारी नग।र गौरवका आयोजना वडास्तरिय नगर गौरवका आयोजना अस्पताल निरम्ण आदी |
| सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र | सार्वजनिक जमिन संरक्षण,वन विकास,विपद व्यवस्थापन,फोहोरमैला व्यवस्थापन,हरियाली प्रवर्धन,वातावरणीय अध्ययन। |
| | प्रविधिमैत्री वडा,सार्वजनिक सुनुवाई,तथ्यांक अभिलेखिकरण,सूचना प्रविधि उपकरण,कर्मचारी क्षमता विकास,जनप्रतिनिधि क्षमता विकास,विभिन्न सूचक पुरा गर्न आवश्यक विषयहरु । |
| कार्यालय संचालन तथा प्रशसानिक | तलव,भत्ता,विध्युत,पानी,ईन्धन,भ्रमण,अतिथि सत्कार,कार्यालय सामाग्री,विविध |
| सृजनात्मक अन्य कुनै कार्यहरु | नागरिक सन्तुष्टी अभिबृध्दि गर्ने,सुशासन प्रवर्धन,विकास व्यवस्थापन सुधार, संस्थागत सुधार लगायतका कुनै रचनात्मक कार्यहरु भएमा प्रस्ताव गर्न सकिनेछ । |

नारायण थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

अनुसूची ४
(दिग्दर्शनको दफा ५.४ सँग सम्बन्धित)
कनकाइ नगरपालिका
वडा नं.......
आयोजनाको प्राथमिकिकरण सूची, २०........

1. निर्धारित वडागत बजेट सीमा भित्रका आयोजनाका लागि

| प्राथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | बजेटको स्रोत | कार्यान्वयन विधि (उपभोक्ता समिति/ठेक्का/कोटेशन/सोझै) | लाभान्वित जनसंख्या | कार्यान्वयन हुने त्रैमासिक |
|---|---|---|---|---|---|---|---|
| | आर्थिक विकास | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| | सामाजिक विकास | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| | पूर्वाधार विकास | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| | वातावरण तथा विपद् व्यवस्थापन समिति | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| | सुशासन तथा संस्थागत विकास | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# अनुसुची ३

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल